कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
5MRQ+7C6
Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२(कृषि विकास शाखा)
च.नं.:

## कृषि विकास कार्यक्रम सम्बन्धि निवेदन आह्वानको सुचना
(प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२२)

कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत निशर्त अनुदान तर्फको कार्यक्रम अनुसार तपशिल अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक कोहलपुर नगरपालिका सम्बन्धित वडा भित्रका कृषक समुह/फार्म तथा कृषकले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा आवश्यक तपशिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । निवेदन दिने अन्तिम दिन विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिन निवेदन दिन पर्नेछ ।

| क्र.सं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम सन्चालन हुने वडाहरु | अनुदान प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आलु,तरकारी तथा मसला बाली प्रवर्द्धन कार्यक्रम | • आलुको वीउ वितरण<br>• रोगकिरा नियन्त्रण गर्न विषादी वितरण | निवेदकले न्युनतम ५ कठ्ठा क्षेत्रफलमा आलु लगाउनु पर्ने | कोहलपुर नगरपालिका ३ र १५ नं. वडा भित्र | • विउमा ५० प्रतिशत<br>• विषादीमा शत प्रतिशत |
| | | • प्याजको वीउ वितरण<br>• रोगकिरा नियन्त्रण गर्न विषादी वितरण | निवेदकले न्युनतम ३ कठ्ठा क्षेत्रफलमा प्याज लगाउनु पर्ने | कोहलपुर नगरपालिका ४, ६, ८ र ९ नं. वडा भित्र | • विउमा ५० प्रतिशत<br>• विषादीमा शत प्रतिशत |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

१. निवेदन ।
२. कृषक समुह, फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।(नविकरण भएको)
३. नागरिकताको प्रतिलिपि ।
४. जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपी ।(तोकिएको क्षेत्रफल पुरा हुने गरी)
५. समुह/फार्मको हकमा स्थायी लेखा नम्बर दर्ताको प्रमाण-पत्रको प्रतिलिपी ।
६. वडा कार्यालयको सिफारिस पत्र।
७. कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
८. समुहको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी ।
९. जग्गा भाडामा लिई खेती गर्नेको हकमा सम्झौताको प्रतिलिपी ।

**नोटः-** *कार्यक्रम सन्चालन हुने वडा भित्रका कृषकले मात्र निवेदन दिनु पर्नेछ । साथै विस्तृत जानकारीको लागि कोहलपुर नगरपालिका, कृषि विकास शाखाको* सम्पर्क नम्बर :- ०८१-५४१७५८ तथा ९८५८०५५६९० मा सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ ।

..................
(मान बहादुर गिरी)
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np,
agro@kohalpurmun.gov.np
+९७७-०८१-५४१७५८
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun